# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्ष:-४० २०६४ असोज अङ्क :-३


## विजया दशमी- २०६४ को शुभउपलक्ष्यमा समस्त नेपालीहरूको सुख,शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि मंगलमय शुभकामना व्यक्त गर्दछौं

-त्रिभुवन विश्वविद्यालय परिवार



# सम्पादकीय व्यवस्थापनसम्बन्धी कार्यशाला सम्पन्न

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले त्रिवि केन्द्रीय पुस्तकालयले 'वैज्ञानिक प्रकाशनहरूको उपलब्धताका लागि अन्तर्राष्ट्रिय संजाल' (इनास्प) को सहयोगमा संचालन गरेको सम्पादकीय व्यवस्थापन विषयक ३ दिने कार्यशालाका सहभागीहरूलाई असोज ४ गते आयोजित समापन समारोहमा प्रमाणपत्र वितरण गर्नुभयो ।




त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा इनास्पको सहयोगमा संचालनमा ल्याइएको अनुसन्धान जर्नलहरूको अनलाइन वेबसाइट 'डब्लू.डब्लू.डब्लू.नेपजोल डट इन्फो'को केन्द्रीय पुस्तकालय र इनास्पद्वारा आयोजित सम्पादकीय व्यवस्थापन विषय कार्यशालाको समापन समारोहमा उद्घाटन गर्नुहुँदै । *तस्वीरः त्रिवि सूचना शाखा)*

कार्यशालाको क्रममा सहभागीहरूलाई अनुसन्धानसम्बन्धी सामग्री वा त्यससम्बन्धी जानकारी अनलाइनमार्फत खुलारूपमा आदान-प्रदान गर्ने प्रक्रियाको सैद्धान्तिक र प्रयोगात्मक ज्ञान दिइएको थियो ।

समापन समारोहलाई सम्बोधन गर्दै उपकुलपति प्रा.डा. शर्माले यस किसिमको कार्यशालाले विश्वका नवीन विधिहरू सिकेर आफूलाई सम्बद्ध विषयमा अद्यावधिक गर्न सघाउने भएकाले यस्ता कार्यक्रमलाई निरन्तरता दिन इनास्पलाई आग्रह गर्नुभयो ।

कार्यशालाका मुख्यसहजकर्ता बेलायतस्थित इनास्पकी प्रकाशन प्रमुख श्रीमती जुली वाकरले इनास्पले यस्ता कार्यशाला विश्वका विभिन्न देशहरूमा संचालन गर्दैआएको बताउँदै आफू नेपालमा पहिलो पटक आएको र कार्यशालाका क्रममा सहभागीहरूलाई आफूले समर्पित र दक्षरूपमा पाएको उल्लेख गर्नुभयो ।

अर्का सहजकर्ता इनास्पकै कार्यक्रम अधिकृत श्रीमती सियोक्स कुमिंगले त्रिविले अनुसन्धानसम्बन्धी प्रकाशनमा काम गर्ने सम्पादकहरूलाई इन्टरनेटको सुविधा र यससम्बन्धी वातावरण बनाइदिनुपर्ने बताउनुभयो ।

समारोहको प्रारम्भमा केन्द्रीय पुस्तकालयका प्रमुख कृष्णमणि भण्डारीले स्वागत मन्तव्य दिंदै यस खालको कार्यशाला अर्को वर्ष पनि संचालन गरिने र त्यसलाई हालको भन्दा बढी स्रोत परिचालन गरी अझ परिमार्जन गरिने बताउनुभयो ।

सहभागीका तर्फबाट प्रा.डा. रेशमबहादुर थापाले पनि बोल्नुभएको समारोहमा पुस्तकालयका उपलाइब्रेरियन चिरञ्जीवी न्यौपानेले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यशालामा त्रिवि तथा अन्य विभिन्न निकायबाट प्रकाशित अनुसन्धानसम्बन्धी जर्नलका २० जना सम्पादकले भाग लिएका थिए ।

# कृषि र पशुविज्ञान अध्ययन संस्थानको स्वर्ण जयन्ती मनाइयो

रामपुर (चितवन) । नेपालमा कृषि शिक्षा प्रारम्भ भएको ५० वर्ष पुगेको उपलक्ष्यमा त्रिवि, कृषि र पशुविज्ञान अध्ययन संस्थानले आयोजना गरेको स्वर्ण जयन्ती समारोहको शिक्षा तथा खेलकुद मन्त्री प्रदीप नेपालले भदौ ५ गते उद्घाटन गर्नुभयो ।

मन्त्री नेपालले सोही अवसरमा अध्ययन संस्थानको भेटेरिनरी शिक्षण अस्पतालको पनि उद्घाटन गर्नुभएको थियो ।

समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै मन्त्री नेपालले कृषि र वन विश्वविद्यालयको स्थापना चालू आर्थिक वर्षमै हुने जानकारी दिनुभयो ।

समारोहका विशेष अतिथि त्रिविका उपकुलपति प्रा.डा माधवप्रसाद शर्माले यस अध्ययन संस्थानले जनशक्ति विकास र कृषि अनुसन्धानमा खेल्दैआएको भूमिकाको प्रशंसा गर्दै संस्थानको उत्थान एवं विकासका निम्ति त्रिविले सहयोग गर्ने बताउनुभयो ।

सभामा सभापतिको आसनबाट अध्ययन संस्थानका डीन प्रा.डा. दुर्गादत्त ढकालले संस्थानका भावी योजनाबारे जानकारी दिनुभएको थियो ।

सहायक डीन प्रा.डा. सुन्दरमान श्रेष्ठले अध्ययन संस्थानको चिनारी एवं विकास गतिविधिबारे प्रकाश पार्नुभएको सो कार्यक्रमको प्रारम्भमा रामपुर क्याम्पसका प्रमुख श्यामशंकर झाले स्वागत मन्तव्य राख्नुभएको थियो भने धन्यवाद ज्ञापन अर्का सहायक डीन प्रा. सन्तबहादुर गुरुङले गर्नुभएको थियो । भेटेरिनरी शिक्षण अस्पतालको गतिविधिबारे सो अस्पतालका निर्देशक डा. ईश्वरीप्रसाद ढकालले जानकारी गराउनुभएको थियो ।

त्यस अवसरमा अध्ययन संस्थानका पूर्व डीनहरू डा. कमलाभक्त राजभण्डारी, विन्देश्वरीप्रसाद सिन्हा,

(बांकी अन्तिम पृष्ठमा)

# महिला अध्ययन कार्यक्रम एक दशक पूरा

काठमाडौं । त्रिविमा महिला अध्ययन कार्यक्रमले एक दशक पूरा गरेको उपलक्ष्यमा गृह विज्ञान केन्द्रीय विभागले आयोजना गरेको सम्बन्धित विद्यार्थीहरूको पुनर्मिलन समारोहको त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले असोज ४ गते उद्घाटन गर्नुभयो ।

सो अवसरमा उपकुलपति प्रा.डा. शर्माले केन्द्रीय विभागका पूर्वप्रमुख प्रा. लक्ष्मीकेशरी मानन्धर र महिला अध्ययन कार्यक्रमका सल्लाहकार डा. वीना प्रधानलाई सम्मान गर्नुभएको थियो ।

त्यसैगरी महिला अध्ययन विषयको परीक्षामा उत्कृष्ट हुने विद्यार्थीहरूलाई स्वर्णपदक तथा प्रमाणपत्र र महिला अध्ययन कार्यक्रममा सहयोग पुऱ्याउने व्यक्तिहरूलाई पनि उहाँले प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

सोही कार्यक्रममा उपकुलपति प्रा.डा. शर्माले महिला अध्ययन कार्यक्रमद्वारा प्रकाशित 'अ डिकेड इन नेपालीज विमेन्स लाइभ्स (सन् १९९६–२००६): अ कम्पाइलेसन अफ रिसर्च एब्स्ट्राक्ट' शीर्षकको पुस्तक पनि लोकार्पण गर्नुभएको थियो ।



**उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा महिला अध्ययन कार्यक्रमद्वारा प्रकाशित पुस्तक लोकार्पण गर्नुहुँदै ।** ***(तस्वीर: त्रिवि सूचना शाखा)***

उहाँले प्रमुख अतिथिको आसनबाट उद्घाटन समारोहलाई सम्बोधन गर्दै स्नातकोत्तर तहमा अध्यापन गर्ने शिक्षक अनिवार्यरूपमा विद्यावारिधि उपाधि प्राप्त हुनुपर्ने योग्यता भारतले समेत निर्धारण गरिसकेको परिप्रेक्ष्यमा त्रिविले पनि उच्चशिक्षाको गुणस्तरीयताका लागि यो व्यवस्था लागू गर्नुपर्ने अवस्था आएको बताउनुभयो ।

लैंगिक शिक्षा महिलाका लागि मात्र नभइ पुरुषले पनि यो विषय अध्ययन गर्न पाउनु पर्ने बताउँदै प्रा.डा. शर्माले स्नातकोत्तर तहमा पोषणसम्बन्धी अध्ययन अध्यापन यथाशीघ्र शुरू गर्न आवश्यक तयारी गर्न पनि उहाँले सुझाव दिनुभयो ।

समारोहमा सभापतिको आसनबाट बोल्दै मानविकी तथा सामाजिकशास्त्र संकायका डीन प्रा.डा. रमेशराज कुँवरले लैंगिक विषयमा स्नातकोत्तर तहको पढाइ संचालन गर्न यस संकायले छुट्टै विभाग स्थापना गर्न लागेको जानकारी दिनुभयो ।

गृह विज्ञान केन्द्रीय विभाग तथा महिला विषयक अध्ययन कार्यक्रमका प्रमुख प्रा.डा. इन्दिरा शर्माले त्रिविमा महिला अध्ययन कार्यक्रमको शुरुवात सन् १९८९ देखि भएको र सन् १९९६ देखि शुरू भएको यस विषयको स्नातकोत्तर तहको पढाइ एक दशक पूरा भएको उपलक्ष्यमा यो कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रमको प्रारम्भमा पद्म कन्या क्याम्पसका प्रमुख देवीप्रसाद अधिकारीले सहभागीहरूलाई स्वागत गर्दै नारी चेतना, नारी विकास र नारी ऊर्जाका लागि यो क्याम्पस स्थापना भएको स्मरण गराउनुभयो ।

सह प्राध्यापक डा. चन्द्रा भद्रा र स्वर्णपदक प्राप्त विद्यार्थीहरूमध्येबाट शक्तिदा सिंहले मन्तव्य राख्नुभएको सो समारोहमा महिला अध्ययन कार्यक्रमका संयोजक अनिला श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## त्रिवि कार्यकारी परिषद् सदस्यमा मनोनयन

काठमाडौं । त्रिभुवन विश्वविद्यालयले त्रिवि कार्यकारी परिषद्को रिक्त सदस्यमा रसायनशास्त्र केन्द्रीय विभागका प्रा.डा. मंगलादेवी मानन्धर र भौतिकशास्त्र केन्द्रीय विभागका प्रा.डा. लोकनारायण झालाई असोज १० गते मनोनयन गरेको छ ।

त्रिवि ऐनको दफा १३ को उपदफा २ बमोजिम उहाँहरूलाई असोज १० गतेदेखि लागू हुने गरी मनोनयन गरिएको हो ।

## जाडो यामको कार्यालय समयमा हेरफेर

काठमाडौं । त्रिभुवन विश्वविद्यालयले विगतका जाडो याममा मंसिर १ गतेदेखि माघ मसान्तसम्म कार्यालय समय बिहान १० देखि अपराह्न ४ बजेसम्म रहँदैआएकोमा आगामी कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म ३ महिना कार्यालय समय बिहान १० बजेदेखि अपराह्न ४ बजेसम्म कायम गरेको छ भने अन्य ९ महिना माघ १६ देखि कात्तिक १५ गतेसम्म साबिक बिहान १० बजेदेखि साँझ ५ बजेसम्म कार्यालय समय यथावत राखेको छ ।

# त्रिवि रजिस्ट्रारको कार्यालय
# कर्मचारी प्रशासन महाशाखाको सूचना

त्रिवि सेवामा कार्यरत स्थायो कर्मचारीले कुनै किसिमले सेवाबाट अलग भएपछि त्रिवि नियमानुसार उपलब्ध हुने आर्थिक सुविधा लिन आउँदा आवश्यक पर्ने सम्पूर्ण कागजपत्रहरू लिई आउने गरेको नपाइएकोले कागजपत्रहरु नभएको कारणले सम्बन्धित कार्यालयबाट काम नहुने भइ निजहरूलाई धेरै असुविधा भैरहने भएकाले सुविधा लिन आउने कर्मचारी तथा निजको कानूनी हकदारलाई तपसिल बमोजिमका कागजपत्रहरू अनिवार्यरूपमा लिइ आउन अनुरोध गरिन्छः

**अनिवार्य लिई आउनुपर्ने कागजपत्रहरुः**

१. अस्थायी नियुक्ति पत्र

२. स्थायी नियुक्ति पत्र

३. अटुट सेवाको पत्र

४.. अतिरिक्तमान प्रदान गरिएको पत्र

५. कार्यालय प्रमुखको सिफारिश प्राप्त भएको पुरस्कारस्वरुपको ग्रेड वृद्धिको पत्र ।

६. बढुवाको पत्र

७. यस कार्यालयको नाममा तयार गरिएको त्यस क्याम्पस/कार्यालयको बांकी वक्यौताको विवरण पत्र र सम्वन्धित कर्मचारीको नाममा तयार गरिएको बोधार्थ पत्र ।

८. हालको पदको खाइपाई आएको प्रत्येक आ.व.को ग्रेडहरू र ग्रेड संख्याको पूर्ण विवरण सहितको अन्तिम तलव ।

९. संचित घर विदा र विरामी विदाको विवरण । उपभोग गरेको वेतलवी विदा, विशेष तलवी विदा र अध्ययन विदाको विवरण ।

१०. नेपाल सरकारतर्फ समेत कार्यरत रहेको कर्मचारीको हकमा त्यसतर्फबाट उपदान, निवृत्तिभरण लिएको प्रमाणपत्र ।

११. निधन भएका कर्मचारीको हकमा निजको हकदारले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणित, नागरिकताको प्रमाणपत्र ।

११. निवृत्तिभरण पाउने कर्मचारीले निवृत्तिभरणको लागि शेषपछि ईच्छाउने व्यक्ति र अटो साइजको फोटो ३।३ प्रति ।

१२.. सिटरोल (स्थायी सेवा अभिलेख) फाराम भर्न वांकी कर्मचारीले मात्र)

***नोटः*** यस महाशाखाको काममा दिन दिनै बृद्धि हुँदै गएको र सो अनुसार कर्मचारीको थप व्यवस्था नभएकोले अब उप्रान्त सम्बन्धित कागजपत्रहरू उपलब्ध गराउन नसकिने ।

**कृषि र पशुविज्ञान........**

प्रा.डा. कैलाशनाथ प्याकुर्‍याल, प्रा.डा. ठक्कन मल्लिक, भोलानाथ पोखरेल र प्रा.डा. तेजबहादुर केसीलाई सम्मान गरिएको थियो ।

त्यसैगरी विदेशी विद्वानहरू संयुक्त राज्य अमेरिकाको मिचिगन विश्वविद्यालयका प्राध्यापक विलियम जी एक्सिन, अमेरिकाकै ओएसयूका सहप्राध्यापक ग्लेन ई म्यादी, जापानको यामागुची विश्वविद्यालयका प्रा.डा. टोशिहिको नाकाओ र जापानकै अजाबु विश्वविद्यालयका सेवनिवृत्त प्रा.डा. कोसाकु कोबायाशीलाई सम्मान प्रदान गरिएको समारोहमा जानकारी दिइएको थियो ।

समारोहमा विभिन्न विधामा उत्कृष्टता कायम गरेका अध्ययन संस्थानका ८ जना पूर्व विद्यार्थीहरूलाई पनि सम्मान गरिएको थियो । उहाँहरूमा राजनैतिक विधामा पुष्पकमल दाहाल (प्रचण्ड), कृषि उद्यममा मित्रराज दवाडी, विज्ञान प्रविधिमा हिराकाजी मानन्धर, व्यवस्थापन-प्रशासनमा विजयकुमार मल्लिक, गैसस अभियानमा डा. अर्जुन कार्की, समुदाय विकासमा लालमणि चौधरी, प्रथम विद्यावारिधिकर्तामा डा. सुरोज पोखरेल र विज्ञानमा स्नातकोत्तर गर्ने प्रथम महिला श्रीमती विद्या पाण्डे हुनुहुन्छ ।

यसैगरी अध्ययन संस्थानमा ३० वर्षभन्दा बढी समयदेखि सेवारत १३ शिक्षक तथा ३३ कर्मचारीलाई पनि दोसल्ला ओढाइ सम्मान गरिएको थियो ।

सोही समारोहमा अध्ययन संस्थानबाट प्रकाशित 'रिसर्च एडभान्सेज' को अंक १ र २ तथा पशुविज्ञान विद्यार्थी संगठनद्वारा प्रकाशित 'दि ब्लू क्रस' को मन्त्री नेपाल र उपकुलपति प्रा.डा.शर्माले संयुक्तरूपमा विमोचन गर्नुभएको थियो ।


**प्रकाशक** : सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६
E-mail : tuinformation@yahoo.com
Website:www.tribhuvan-university.edu.np
**सम्पादक** : प्रेमकृष्ण चित्रकार
**सहायक सम्पादक** : राजेश वज्राचार्य
**कम्प्युटर सेटिंग** : पद्मरत्न चित्रकार
**मुद्रक** : त्रि.वि. छापाखाना,कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१


**प्रापकः**